जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक ८८ २०८३ साल कात्तिक १७ गते मंगलबार (3 Nov 2026 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : 'हिमाली सुनामी' पछि... ३ पृष्ठमा : धनुषाको महेन्द्रनगरमा निर्माण ... ३ पृष्ठमा अमेरिकी मध्यावधि चुनावमा...

बाल अधिकारको संरक्षण

बचावटको अधिकार :
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
विकासको अधिकार :
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
संरक्षणको अधिकार :
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
सहभागिताको अधिकार :
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

पाँच दिनदेखि बेपता किशोरी टिकटकमा देखिए

दैनिक समाचारदाता
राजविराज, १६ कात्तिक ।

पाँच दिन देखी वेपत्ता रहेकी सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ५ की एक किशोरी सोमबार सामाजिक संजाल टिकटिकमा भेटिएकी छिन् ।

स्थानीय एक सामुदायिक विद्यालयमा कक्षा ९ मा अध्यनरत १७ वर्षिया किशोरी रजनी कुमारी साह विहिवारदेखी वेपत्ता भएकी थिइन ।

विद्यालय जान्छु भन्दै घरबाट निस्केकी उनी सोही दिन विहान ८ बजे देखी सम्पर्क विहिन भएको परिवारजनले जानकारी दिएका छन् । परिवाजनले खोजीका लागी प्रहरीमा उजुरी दिनुका साथै उनका



सहपाठी, नातेदार र चिनजानका सबैतिर खोजी गरिरहेका थिए ।

यसैबीच सोमवार अचानक सामाजिक संजाल टिकटिकमा सार्वजनिक भएको एउटा भिडियो देखेपछी परिवारजन चकित परेका छन । एउटा अपरिचित केटासँग छोरीको भिडियो फेसबुकमा सार्वजनिक भएपछी आफु चकित परेको बुआ विरेन्द्रले सुनाए । भिडियोमा देखिएको केटा भारतको फारविसगंज निवासी भएको पत्ता लागेको उनले सुनाए ।

बुवा विरेन्द्रले नाबालिक छोरीलाई फेसबुक मार्फत प्रलोभन र प्रेमजालमा फसाएर भगाएको भन्दै ती केटा विरुद्ध प्रहरीमा अर्को उजुरी दिने बताएका छन ।

१७ वर्षको उमेरमा कुनै किशोरी यसरी फेसबुक मार्फत प्रेम सम्बन्धमा जोडिएको र भागेको यो घटना नौलो होइन । यस अघि पनि यस्ता खालका घटना भइसकेको प्रहरीको भनाई छ । यस सम्बन्धमा अभिभावकको उजुरी आएपछि थप अनुसन्धान तथा कारवाही प्रकृया अघि बढाइने प्रहरीले जनाएको छ ।

श्रोत नखुलेको रकमसहित दुई भारतीय नागरिक पक्राउ

दैनिक समाचारदाता
राजविराज, १६ कात्तिक ।

सप्तरीमा श्रोत नखुलेको चार लाख भन्दा बढी रकमसहित दुई जना भारतीय नागरिक पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा भारत बिहार राज्यको मधुवनी जिल्ला निवासी सद्दाम अन्सारी र रन्जितकुमार साह छन् ।

प्रहरीका अनुसार सोमबार बिहान गस्तिमा रहेका सशस्त्र प्रहरीको टोलीले भारतीय सीमासँग जोडिएको सप्तरीको डाक्नेश्वरी नगरपालिका ३ हटेल टोल सडकखण्डबाट दबै जना भारतीय नागरिक पक्राउ परेका हुन् ।

मोटरसाइकल चढी भारतबाट नेपाल प्रवेश गरेका उनीहरु उपर शंका लागि चेकजाच गर्दा सशस्त्र प्रहरी पातोको टोलीले श्रोत नखुलेको ४ लाख ३४ हजार ४९ रुँपैया बरामद गरेको प्रहरी उपरिक्षक रुपक खडकाले जानकारी दिए । मोटरसाइकलसहित दुबै जनालाई नियन्त्रणमा लिई थपअनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

एलपी ग्यास उद्योगलाई एकापसमा गाभिने

काठमाडौँ, १६ कात्तिक (रासस) ।

नेपाल आयल निगमले एलपी ग्यास उद्योगलाई एकापसमा गाभ्ने प्रक्रिया अघि बढाएको छ ।

निगमका निर्देशक विनितमणि उपाध्यायका अनुसार एपली ग्यास बिक्री वितरणलाई सहज बनाउन तथा उपभोक्ता हित प्रवर्द्धन गर्न विभिन्न नाम र ब्रान्डमा रहेका एलपी ग्यास उद्योगलाई एकापसमा गाभ्ने नीति लिएको हो ।

निगमले सबै उद्योगलाई पत्र लेख्दै गाभ्ने कार्ययोजना बनाई काम अगाडि बढाउन आग्रह गरेको छ ।

रुखको हाँगा काट्ने क्रममा करेन्ट लागेर एक कामदारको मृत्यु, अर्का घाइते

दैनिक समाचारदाता
राजविराज, १६ कात्तिक ।

रुखको हाँगा काट्ने क्रममा करेन्ट लागेर एक कामदारको मृत्यु भएको छ भने अर्का एक जना कामदार घाइते भएका छन् ।

सोमबार बिहान रुखको हाँगा काट्ने क्रममा शम्भुनाथ नगरपालिका ६ निवासी ३५ वर्षिय दिपु सदाको करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै करेन्ट लागेर अर्का कामदार सोही पालिकाको वडा नं. ७ निवासी ३० वर्षिय उपेन सदा घाइते भएका छन् । उनको स्थानीय छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको छ ।

रुखको हाँगा काट्ने क्रममा नजिकै रहेको विद्युतिय पोलमा टाँसेर हाइभोल्टेजको करेन्ट लागेर सो घटना भएको प्रहरीको भनाई छ ।

स्थानीयवासीका अनुसार श्रवण साहको निजि बगैचामा लगाइएको रुखको हाँगा काट्ने कार्यमा खटिएका उनीहरु अचानक विद्युतिय पोलमा झुण्डिएको तारमा टाँसिन पुगेका थिए ।

मृतकको शव पोष्टमार्टमका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याई घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बालक घाइते भएको घटनाको निष्पक्ष छानबिन गर्न सिजपको माग

काठमाडौँ, १६ कात्तिक (रासस) ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)ले बाराको फेटा गाउँपालिका-३ मा अस्पताल उद्घाटनका क्रममा भएको झडपमा प्रहरीको गोली लागेर बालक घाइते भएको घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेको छ ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेल र महासचिव राजु घिमिरेद्वारा आइतबार जारी विज्ञप्तिमा घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै घाइते बालकको सम्पूर्ण उपचार, मनोसामाजिक परामर्श तथा पुनःस्थापनाको व्यवस्था गर्न माग गरिएको छ ।

विज्ञप्तिमा घटनाको स्वतन्त्र र पारदर्शी छानबिन, पीडितलाई उचित क्षतिपूर्ति तथा अनुसन्धान प्रक्रियामा बालमैत्री पद्धति अपनाउन आग्रह गरिएको छ । साथै सार्वजनिक कार्यक्रम र भीड नियन्त्रणका क्रममा बालबालिकाको सुरक्षालाई प्राथमिकता दिन तथा राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय बालअधिकार परिषद्बाट घटनाको अनुगमन गर्न माग गरिएको छ ।

विपत्को पूर्व तयारीमा जुटौं



- आपतकालिन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात, आदि) सधैं तयार राखौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं,
- अफवाहको पछि नलागौं - आधिकारिक जानकारीमा मात्र भर परौं ।

विपत् रोक्न सकिँदैन, तर क्षति घटाउन सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

दिनहुँ सरसफाई गर्ने बानी बसालौं

कुनै पनि जलाशयलाई वर्षको एक पटक सफा गरेर पुग्दैन् । कम्तिमा महिनाको एक पटक भएपनि जलाशय सफा गर्ने बानी बसालेमा पानीका साथ साथै स्थल पनि सफा रहन्छ । तर अहिले नजिकिदै गरेको छठ पर्वलाई मध्यनजर गर्दै जलाशय सफा गर्ने लर्को नै चल्छ । छठ पर्वको अवसरमा स्थानिय तहले जलाशयको सफाईमा जसरी ध्यान दिएको हुन्छन् त्यसरी नै प्रत्येक दिन सफाईमा ध्यान दिन सके पक्कै पनि जलाशय सधै सफा रहन्छ । वर्षको अन्य दिनमा त्यस्ता कार्यलाई प्राथमिकतामा राखिएको देखिन्न् ।

जनतालाई चाडपर्वमा मात्र सरसफाई चाहिन्छ त, यो एउटा गम्भिर विषय हो । सरसफाई भन्ने कुरा दिनहुँ हुनुपर्दछ । सरसफाईका कारण अधिकांश रोगहरु आफै उन्मूलन हुनपुग्छ । एकै पटक गर्ने सरसफाइलाई दिनहुँ गर्न सकिए पक्कै पनि यो कार्य गर्न कठिनाई हुँदैन् । अहिलेको समयमा मानिसहरु सबै भन्दा बढी स्वास्थ्यमा ध्यान दिने गरेका छन् । आधुनिकतासँगै विभिन्न खाले रोगहरुको पनि आवगमन भएको छ । यस्ता रोगहरुलाई परास्त गर्न सरसफाई नै हो ।

स्थानिय जनप्रतिनिधिहरु गोष्ठी, सेमिनार, बजेट बनाउन तथा विभिन्न पंचायतीमा बढी समय खर्च गरेको पाइन्छ । त्यस्तै विकासीय कार्यको समय नै तोकिएको हुन्छ । त्यो हो असार महिना । हुन त यो बानी सानै देखी लागेको हो । विगतका वर्षहरु देखी नै यस्ता कार्यलाई निरन्तरता दिएको देखिन्छ । तसर्थ यस्ता विषयबस्तुलाई गम्भिरतापूवर्क मनन् गरेर दिनहुँ सरसफाई गर्ने परिपाटी बसाल्नेतर्फ सबै अग्रसर हुनपर्ने भएको छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ विक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

'हिमाली सुनामी' पछि प्राथमिकतामा, जलवायु न्याय र हिमाली जोखिमका मुद्दा

भीष्मराज ओझा

काठमाडौँ, १६ कात्तिक (रासस) ।

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि(युएनएफसीसीसी) का पक्ष राष्ट्रको ३१औँ सम्मेलन (कोप-३१) यही कात्तिक २३ देखि आगामी मङ्सिर ४ गतेसम्म हुँदैछ ।

सम्मेलनको मुख्य आयोजक राष्ट्र टर्किएमा सम्मेलनका सबै कार्यक्रम हुनेछन् । सहआयोजक राष्ट्र अष्ट्रेलियाले भने सम्मेलनका अन्तरसरकारी वार्ताको नेतृत्वका साथै वार्ताको अध्यक्षताको रूपमा जिम्मेवारी सम्हाल्नेछ । टर्किएको अन्ताल्या सहरमा हुने सम्मेलनको मिति नजिकिदै गर्दा नेपालले पनि आफ्नो तयारीलाई अन्तिम रुप दिएको छ । कृषि, वन तथा पर्यावरण मन्त्रालयका अनुसार कोप-३१ मा नेपालबाट हुने सहभागिता र उठाइने विषय अन्तिम चरणमा पुगेको छ ।

नेपालले यस सम्मेलनमा पररा‍ष्ट्रमन्त्री शिशिर खनालको नेतृत्वमा सहभागिता जनाउने छ । त्यस्तै सम्मेलनमा पर्यावरण मन्त्री गिता चौधरीलगायत उच्चस्तरीय सहभागिता हुनेछ भने सम्मेलनको आवश्यक सबै तयारी पर्यावरण मन्त्रालयले गरेको छ । सम्मेलनको तयारी चलिरहेको अवस्थामा गत भदौ १० गते रसुवाको भोटेकोशीमा विनाशकारी बाढी (हिमाली सुनामी) आएको थियो । उक्त विपद्बाट भएको जनधनको क्षतिपछि नेपालले जलवायु न्याय र हिमाली जोखिमका विषयलाई उच्च प्राथमिकतामा राखेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार उक्त विपद्मा एक हजार ४५३ जनाको मृत्यु भएको छ भने पाँच हजारभन्दा बढी व्यक्ति अझै बेपत्ता छन् । त्यस्तै विपद्का कारण ७४८ मेगावाटभन्दा बढी क्षमताका जलविद्युत् आयोजनामा क्षति पुगेको प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले जानकारी दिनुभयो । त्यस्तै, ११८ भन्दा बढी दूरसञ्चार टावर, मितेरी पुल-बेत्रावती राष्ट्रिय राजमार्गको १०० किलोमिटरभन्दा बढी खण्ड तथा पृथ्वी राजमार्गका केही भागमा क्षति पुगेको छ । करिब १५ हजार घरपरिवार अर्थात् लगभग ६० हजार मानिस प्रत्यक्ष प्रभावित भएका उहाँले जानकारी दिनुभयो ।

पुनःनिर्माणका लागि करिब ४.७८ अर्ब अमेरिकी डलर आवश्यक

प्राधिकरणको प्रारम्भिक द्रुत मूल्याङ्कनअनुसार यस विपद्बाट भएको सम्पत्तिको क्षति दुई अर्ब ६८ करोड अमेरिकी डलर अनुमान गरिएको छ भने पुनर्निर्माण तथा पुनःस्थापनाका लागि करिब चार अर्ब ७८ करोड अमेरिकी डलर आवश्यक पर्ने देखिएको छ । यो रकम नेपालको कुल गार्हस्थ्य उत्पादनको करिब १० प्रतिशत बराबर हो ।

यही विपद्पछि नेपाल सरकारले युएनएफसीसीसी सचिवालयअन्तर्गतको हानि तथा नोक्सानी सम्बन्धी कोषलाई सहयोगका लागि पत्राचार गरेको थियो । उक्त कोषको असाधारण बैठकले केही दिनअघि मात्र नेपाललाई अस्थायी रूपमा दुई करोड १६ लाख अमेरिकी डलर अनुदान सहयोग गर्ने निर्णय गरेको थियो । त्यसपछिका दिनमा नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा जलवायु न्याय र हिमाली जोखिमका मुद्दालाई प्राथमिकताका साथ उजागर गर्दै आएको छ । यही कात्तिक १२ गते पर्यावरण मन्त्रालयले आयोजना गरेको राष्ट्रिय जलवायु सम्मेलनमा पनि सङ्घीय सरकारका मन्त्री एवं अन्य सरोकारवाला व्यक्तिले सोही विषयमा जोड दिनुभएको थियो ।

उक्त सम्मेलनमा पररा‍ष्ट्रमन्त्री शिशिर खनालले कोप-३१ मा नेपालले पर्वतीय एजेन्डा, जलवायुजन्य क्षति तथा नोक्सानी, जलवायु वित्त र जलवायु न्यायलाई प्राथमिकताका साथ उठाइने बताउनुभएको थियो । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रको पारिस्थितिक प्रणाली थप जोखिमपूर्ण बन्दै गएको उल्लेख गर्दै उहाँ भन्नुभयो, "हिमालको संरक्षणलाई साझा विश्वव्यापी जिम्मेवारीका रूपमा लिनुपर्छ । हिमाली क्षेत्रको पारिस्थितिक स्थिरता हाम्रो सीमाभन्दा धेरै परसम्म रहेका लाखौँ मानिसको जल, खाद्य, ऊर्जा र आर्थिक सुरक्षासँग अभिन्न रूपमा जोडिएको छ । त्यसैले हाम्रा हिमालको संरक्षण गर्नु साझा विश्वव्यापी जिम्मेवारी हो ।"

मन्त्री खनालले हिमाली क्षेत्रका विशिष्ट समस्या र जोखिमलाई अन्तर्राष्ट्रिय जलवायु वार्तामा प्राथमिकताका साथ समेट्नुपर्ने बताउनुभयो । साथै उहाँले पेरिस सम्झौताले निर्धारण गरेको विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्य हिमाली मुलुकका लागि विशेष महत्त्वपूर्ण रहेको स्पष्ट पार्नुभयो । उहाँले हिमालय र प्रशान्त महासागर एउटै विश्वव्यापी पारिस्थितिक प्रणालीका परस्पर जोडिएका अङ्ग रहेको उल्लेख गर्दै हिमनदी पग्लिने प्रभाव नदी प्रणाली, कृषि क्षेत्र र तटीय समुदायसम्म पुग्ने बताउनुभयो ।

त्यसैगरी पर्यावरण मन्त्री चौधरीले आफूहरुले जलवायु परिवर्तनका क्षेत्रमा सहानुभूति नभई न्याय, एकता र कार्यान्वयन चाहेको बताउनुभयो । साथै उहाँले नेपालले महत्वाकांक्षी 'एनडिसी ३.०' पेश गरिसकेको र नेपाल आफ्नो हिस्साको जिम्मेवारी निर्वाह गर्न तयार रहेको जानकारी गराउँदै अन्य राष्ट्रले पनि आफ्नो जिम्मेवारी लिनैपर्ने उल्लेख गर्नुभएको थियो । मन्त्री चौधरीले भन्नुभयो, "कोप-३१ मा नेपालको अडान स्पष्ट छ, जलवायु न्याय, पर्वतीय एजेन्डा, अनुकूलन वित्तमा सहज पहुँच, र हानि तथा नोक्सानी कोषको प्रभावकारी परिचालन, संकटमा ऐतिहासिक रूपमा बढी योगदान गर्ने र क्षमता भएका राष्ट्रले साझा तर क्षमता अनुसारको जिम्मेवारीको सिद्धान्तअनुसार नेतृत्व लिऊन् भन्ने हाम्रो अपेक्षा छ ।"

पर्वतीय विषयलाई छुट्टै एजेन्डा बनाउन प्रस्ताव

मन्त्री चौधरीले केही दिन अघिमात्र कोप-३१ मा पर्वतीय विषयलाई छुट्टै एजेन्डाका रूपमा अगाडि सार्दै औपचारिक प्रस्तुतिका लागि नेपाल र भुटानका तर्फबाट प्रस्ताव पठाउनुभएको थियो । दुई हिमाली राष्ट्रको साझा अनुभव र साझा स्वरले जलवायु न्यायको लडाइँमा पर्वतको आवाजलाई अझ बलियो बनाउनेछ । "हिमाल जोगाउनु केवल हाम्रो मात्र होइन, तल्लो तटीय क्षेत्रका अर्बौं मानिसको जीवन जोगाउनु हो" उहाँले भन्नुभयो ।

त्यस्तै पर्यावरण मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले हिमनदीहरू पग्लिँदै जानु, बाढी तथा पहिरोको आवृत्ति बढ्नु, वर्षाको ढाँचामा परिवर्तन आउनुले जलवायु परिवर्तन भविष्यमा आउन सक्ने सम्भावित समस्या नभई वर्तमान मै भोगिरहेको वास्तविकता हो भन्ने स्मरण गराएको बताउनुभयो ।

जलवायु परिवर्तनको समस्या सिर्जना गर्न सबैभन्दा कम योगदान गर्नेहरूलाई नै यसको सबैभन्दा ठूलो भार एक्लै बोक्न बाध्य पारिनु नहुने उहाँको भनाई थियो । उहाँले अन्तर्राष्ट्रिय सहकार्यलाई थप सुदृढ बनाउन, पूर्वानुमानयोग्य जलवायु वित्त उपलब्ध गराउन, प्रविधि हस्तान्तरण गर्न, क्षमता अभिवृद्धि गर्न तथा पर्वतीय पारिस्थितिकीय प्रणालीको जोखिमपूर्ण अवस्थालाई सार्थक रूपमा मान्यता दिन आह्वान गर्नुभयो ।

हिमालयको संरक्षण केवल नेपालको राष्ट्रिय सरोकारको विषय मात्र नभई यो क्षेत्रीय तथा विश्वव्यापी महत्त्वको विषय भएको उल्लेख गर्दै सचिव डा मिश्रले हिमालयमा हुने घटनाक्रमको प्रभाव हिमाली क्षेत्रभन्दा धेरै टाढासम्म पुग्ने बताउनुभयो ।

कोप-३१ मा नेपालको प्रमुख प्राथमिकता

कोप-३१ मा नेपालका तर्फबाट तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्ने लक्ष्यलाई सम्भव बनाउने, तापक्रमको अधिक वृद्धिको परिमाण र अवधि न्यूनीकरण गर्ने, अनुकूलन तथा उत्थानशीलता सुदृढ गर्ने, क्षति तथा नोक्सानी सम्बोधन गर्ने, पूर्वानुमानयोग्य र सहज पहुँचयोग्य जलवायु वित्त सुनिश्चित गर्नेलगायतका विषय केन्द्रित हुनेछन् ।

सरकारले अनुकूलन तथा उत्थानशीलता, क्षति तथा नोक्सानी सम्बोधन, न्यूनीकरणको महत्वाकाङ्क्षा र कार्यान्वयन, जलवायु वित्त, जलवायु न्याय, लैङ्गिक समानता र मानवता, जलवायु विज्ञान, प्रविधि तथा नवप्रवर्तन द्विपक्षीय सम्बन्ध तथा जलवायु कूटनीति विषयलाई प्राथमिकताका साथ उठाउने तयारी भएको पर्यावरण मन्त्रालयका प्रवक्ता डा महेश्वर ढकालले बताउनुभयो ।

यसकारण छ कोप-३१ महत्वपूर्ण

जलवायु परिवर्तनजस्तो विश्वव्यापी समस्या समाधान गर्न राष्ट्रहरूबीचको सहकार्य अपरिहार्य छ । जलवायु वार्ताका कारण विश्वव्यापी तापक्रम वृद्धिको अनुमान पहिले चार डिग्री सेल्सियसभन्दा बढी रहेकोमा घटेर २.६ डिग्री सेल्सियसमा झरेको छ । तथापि, सबै मानिस तथा अर्थतन्त्रको संरक्षणका लागि अझ बढी र तीव्र गतिमा जलवायु कार्य गर्न आवश्यक छ ।

कोप-३१ जलवायु समाधानहरूको कार्यान्वयन तथा विश्वव्यापी ऊर्जा रूपान्तरणलाई अगाडि बढाउने विषयमा केन्द्रित हुनेछ । यस्तो ऊर्जा रूपान्तरणले आर्थिक वृद्धि, थप रोजगारी सिर्जना, खाद्य सुरक्षा, स्वास्थ्य तथा सुरक्षामा सुधार र सस्तो स्वच्छ ऊर्जाको उपलब्धता बढाउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

कुनै एउटा कोप सम्मेलनले मात्र जलवायु सङ्कट समाधान गर्न सक्दैन । तर प्रत्येक सम्मेलनले अघिल्लो सम्मेलनका उपलब्धिलाई आधार बनाउँदै अगाडि बढ्ने र जलवायु कार्यमा महत्वपूर्ण कदम चाल्ने काम गर्दै आएको छ । कोप-३१ मा महासन्धिका सदस्य राष्ट्र अर्थात् पक्ष राष्ट्रहरूका विश्व नेताहरू तथा वार्ताकारहरू सहभागी हुनेछन् । उनीहरूले विश्वव्यापी जलवायु कार्यलाई अगाडि बढाउने विषयमा छलफल तथा वार्ता गर्नेछन् ।

यसका अतिरिक्त मान्यता प्राप्त पर्यवेक्षकका रूपमा व्यावसायिक क्षेत्रका नेतृत्वकर्ता, युवा, जलवायु वैज्ञानिक, आदिवासी जनजातिका प्रतिनिधि तथा नागरिक समाजका प्रतिनिधिहरू पनि सम्मेलनमा सहभागी हुनेछन् । उनीहरूले आफ्ना अनुभव, सुझाव तथा प्रभावकारी अभ्यासहरू प्रस्तुत गर्दै विश्वव्यापी, सामूहिक तथा समावेशी जलवायु कार्यलाई थप सुदृढ बनाउन योगदान पुऱ्याउनेछन् ।

यस सम्मेलनले विशेषगरी ब्राजिलको बेलेममा सम्पन्न कोप-३० ले तयार पारेका आधारमा टेकेर कोप-३१ ले संवादलाई अगाडि बढाउने, सहमति सुदृढ गर्ने र कार्यान्वयनलाई तीव्रता दिने

बाँकी तीन पृष्ठमा

धनुषाको महेन्द्रनगरमा निर्माण भएको अकाशे पुल सञ्चालनको तयारीमा

धनुषा, १६ कात्तिक (रासस) ।

जनकपुरधाम-ढल्केवर छ लेन व्यापारिक सडकअन्तर्गत धनुषाको क्षीरेश्वरनाथ नगरपालिकास्थित महेन्द्रनगर बजारमा निर्माणाधीन दुई वटा आकाशे पुल सम्पन्न भएका छन् ।

निर्माण सम्पन्न भएसँगै रङरोगन तथा सौन्दर्यकरणको काम भइरहेकाले यथाशीघ्र सर्वसाधारणका लागि सञ्चालनमा ल्याउने गरी तयारी गरिएको हो ।

मधेस प्रदेशमा पहिलो पटक बनाइएका गरिएका यी दुई आकाशे पुल पैदलयात्रुको आवागमनलाई सुरक्षित र सहज बनाउने उद्देश्यले निर्माण गरिएको सडक डिभिजन कार्यालय मुजेलिया जनकपुरधामले जनाएको छ ।

सडकमा पैदलयात्रुको अत्यधिक चाप हुने क्षीरेश्वरनाथ-५ स्थित महिला विकास चोक, सखुवा चोक र लक्ष्मनियाँ गाउँपालिकामा करिब रु १० करोड ५० लाखको लागतमा तीन वटा आकाशे पुल निर्माणको योजना अघि बढाइएको थियो । तीमध्ये महेन्द्रनगरका दुई वटा पुलको निर्माण सम्पन्न भइसकेको सडक डिभिजन कार्यालयका प्रमुख डिभिजनल इञ्जिनियर दरोगाप्रसाद साहले जानकारी दिनुभयो ।

उहाँका अनुसार सोही सडकखण्डअन्तर्गत लक्ष्मीनियाँ गाउँपालिकामा निर्माण भइरहेको तेस्रो पुलको काम पनि तीव्र गतिमा अघि बढेको छ । उक्त पुलको निर्माण मङ्सिर मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो । दुई फरक निर्माण कम्पनीमार्फत पुल निर्माण भइरहेको कार्यालयले जनाएको छ ।

सडक डिभिजन कार्यालयका स्थलगत इञ्जिनियर उज्ज्वल झाका अनुसार प्रत्येक आकाशे पुलको उचाइ पाँच दशमलव छ मिटर, लम्बाइ २९ दशमलव चार मिटर र चौडाइ तीन मिटर रहेको छ । पुल सञ्चालनमा आएपछि पैदलयात्रुले व्यस्त सडकमा सवारीसाधनको जोखिम मोलेर सडक पार गर्नुपर्ने बाध्यता अन्त्य हुने उहाँले बताउनुभयो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख एवं प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले आकाशे पुल सञ्चालनमा आएपछि सडक दुर्घटनाको जोखिम न्यूनीकरण हुने विश्वास व्यक्त गर्नुभयो । पूर्व-पश्चिम राजमार्ग हुँदै जनकपुरधाम प्रवेश गर्ने प्रमुख सडक भएकाले यस क्षेत्रमा दैनिक सयौँ पैदलयात्रुको आवागमन हुने बताउँदै उहाँले पुलको प्रयोगले पैदलयात्रुलाई सुरक्षित रूपमा सडक वारपार गर्न सहज हुने उल्लेख गर्नुभयो ।

स्थानीय बासिन्दाले पनि आकाशे पुल निर्माणलाई सकारात्मक रूपमा लिएका छन् । क्षीरेश्वरनाथ बहुमुखी क्याम्पसका प्राचार्यसमेत रहनुभएका स्थानीय शम्भुप्रसाद यादवले महिला विकास चोक र सखुवा चोक आसपास हाटबजार, शैक्षिक संस्था तथा बस्ती रहेकाले यसअघि सडक पार गर्न निकै जोखिम हुने गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रो क्षेत्रमा हाटबजार र विद्यालय सडक आसपासमा अवस्थित छन् । पहिले सडक पार गर्दा निकै जोखिम थियो । अब पुल सञ्चालनमा आएपछि विशेषगरी बालबालिका, विद्यार्थी र ज्येष्ठ नागरिकलाई राहत हुने विश्वास छ ।"

जनकपुरधाम-ढल्केवर छ लेन सडक मधेस प्रदेशको प्रमुख व्यापारिक तथा यातायात मार्गका रूपमा मानिन्छ । दैनिक हजारौँ सवारीसाधन आवतजावत गर्ने र घनाबस्ती तथा व्यापारिक क्षेत्र हुँदै जाने यस सडकमा पैदल यात्रुको सुरक्षालाई चुनौतीका रूपमा लिइँदै आइएको छ ।

आकाशे पुल सञ्चालनमा आएपछि सडक दुर्घटनाको जोखिम कम हुनुका साथै पैदलयात्रुको आवागमन व्यवस्थित हुने र व्यस्त सडकमा सवारीसाधनको निर्बाध आवागमनमा सहजता आउने अपेक्षा गरिएको छ ।

लोकतान्त्रिक मूल्य र मान्यताविपरीत हुने कुनै पनि गतिविधि कांग्रेसलाई स्वीकार्य हुँदैन् : सभापति थापा

ललितपुर, १६ कात्तिक (रासस) ।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले लोकतान्त्रिक मूल्य र मान्यताविपरीत हुने कुनै पनि गतिविधि कांग्रेसलाई स्वीकार्य नहुने बताउनुभएको छ ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा आइतबार आयोजित 'प्रतिपक्षको निगरानी कार्यक्रम'लाई सम्बोधन गर्नुहुँदै सभापति थापाले लोकतन्त्र, प्रेस स्वतन्त्रता र नागरिकका मौलिक अधिकारलाई सम्मान गर्दै सुशासन कायम गर्न सकिने बताउनुभएको हो ।

"सरकारलाई जवाफदेही बनाउनु र लोकतान्त्रिक व्यवस्थाका आधारभूत मान्यताको संरक्षण गर्नु प्रतिपक्षको दायित्व हो, कांग्रेसले सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्छ, लोकतन्त्र, नागरिकको मौलिक हक र प्रेस स्वतन्त्रताको विषयमा सरकारले ध्यान दिनुपर्छ, हामी सरकारलाई जवाफदेही बनाउन तथा लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षणका लागि सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्छौं", सभापति थापाले भन्नुभयो ।

सभापति थापाले सञ्चारमाध्यममा प्रहरी परिचालन गरी पत्रकार पक्राउ गरिएको घटनालाई गम्भीर रूपमा लिनुपर्ने बताउँदै सञ्चारगृहमा प्रहरी प्रवेश हुनु सकारात्मक नभएको धारणा राख्नुभयो । सञ्चारमाध्यममा प्रहरी परिचालन र पत्रकार पक्राउको घटनाले प्रेस स्वतन्त्रता तथा लोकतान्त्रिक अभ्यासमाथि प्रश्न उठाएको भन्दै उहाँले त्यसमा प्रहरीका तर्फबाट आएका फरकफरक वक्तव्य र प्रधानमन्त्रीको सचिवालयबाट सार्वजनिक गरिएका धारणाले झन अन्योल सिर्जना गरेको बताउनुभयो ।

सभापति थापाले घटनालाई सामान्य वक्तव्य जारी गरेर टुङ्ग्याउन नहुने भन्दै त्यसको वास्तविकता सार्वजनिक गर्न सरकारसँग माग गर्नुभयो । उहाँले सरकारको अधिकार कानुनबाट निर्देशित हुनुपर्ने भन्दै राज्य सञ्चालनमा व्यक्तिगत इच्छा र आदेशलाई कानुनभन्दा माथि राख्ने प्रवृत्ति लोकतन्त्रका लागि खतरनाक हुने बताउनुभयो । कानुनी शासनमा राज्यका सबै निकाय संविधान र कानुनअनुसार सञ्चालन हुनुपर्ने उल्लेख गर्दै उहाँले शक्तिको स्वेच्छाचारी प्रयोग स्वीकार्य नहुने बताउनुभयो ।

"सरकारको अधिकार कानुनबाट निर्देशित हुनुपर्छ, सरकारमा बसेका व्यक्तिको इच्छा नै कानुन हो भन्ने सोच लोकतन्त्रमा स्वीकार्य हुन सक्दैन । राज्यका निकाय कसैका निजी आदेश पालना गर्ने संस्था होइनन्", सभापति थापाले भन्नुभयो । उहाँले सरकारको कामकारबाहीमा कानुनी प्रक्रिया, संस्थागत मर्यादा र नागरिक अधिकारको सम्मान अनिवार्य हुनुपर्ने बताउनुभयो ।

कानुनी शासनमा कसैले पनि कानुनभन्दा माथि रहेर काम गर्न नपाउने उल्लेख गर्दै सभापति थापाले सरकारका हरेक गतिविधि विधि र प्रक्रियासम्मत हुनुपर्नेमा जोड दिनुभयो ।

'हिमाली सुनामी' ...

लक्ष्य राखेको छ । त्यस्तै आयोजक देशका रूपमा टर्कीएले विश्वभरका पक्ष राष्ट्र तथा सरोकारवालासँग सहकार्य गर्दै विश्वव्यापी जलवायु एजेन्डामा रचनात्मक योगदान पुऱ्याउनेछ । टर्कीएले कोप-३१ आयोजना गर्नुको कारण देशको भौगोलिक अवस्थिति पनि हो । यसले युरोप, एसिया र मध्यपूर्वबीचको जलवायु कूटनीतिक सम्बन्धलाई जोड्छ ।

यस्तो छ सम्मेलनमा कार्यक्रमको तालिका

कोप-३१ को सम्मेलनलाई नोभेम्बर २ देखि ८ तारिखसम्म अधिवेशनपूर्वको अवधि भनी तोकिएको छ । यस अवधिमा खासगरी 'स्थानीय समुदाय तथा आदिवासी जनजाति मञ्च (एलसिआइपिपी) को सहजीकरण कार्यसमूहको १६औँ बैठक, अतिकम विकसित राष्ट्रहरू (एलडिसिज) का समन्वय बैठक, अफ्रिकी समूह (एजिएन) का समन्वय बैठक, साना टापु राष्ट्रहरू (सिआइडिएस) का समन्वय बैठक तथा 'जी-७७ तथा चीन'का समन्वय बैठकका कार्यक्रमहरु हुने तालिका छ ।

त्यसैगरी नोभेम्बर ९ देखि २० तारिखसम्म अधिवेशन अवधि तोकिएको छ । यस अवधिमा सम्मेलनका मुख्य कार्यक्रम हुने युएनएफसिसिसीको सचिवालयले जनाएको छ । नोभेम्बर ९ तारिखमा विहान सम्मेलनको उद्घाटन भएपछि विभिन्न कार्यक्रम, बैठक र वार्ताहरु चल्नेछन् ।

त्यस्तै नोभेम्बर ११ र १२ तारिखमा विश्व नेताहरुको शिखर सम्मेलनसँगै विभिन्न कार्यक्रम, बैठक र वार्ता निरन्तर जारी रहने तालिका सार्वजनिक गरेको छ । नोभेम्बर १४ सम्म सम्मेलनका कार्यक्रम निरन्तर रहने र नोभेम्बर १५ तारिख आइतबारको बिदाको दिन सम्मेलन केन्द्र बन्द हुनेछ । साथै सम्मेलनको पहिलो साता समाप्त हुने र नोभेम्बर १६ देखि दोस्रो साता प्रारम्भ हुनेछ ।

सम्मेलनको दोस्रो सातामा विभिन्न वार्ता, सन् २०३० पूर्वको जलवायु महत्वाकांक्षासम्बन्धी वार्षिक उच्चस्तरीय मन्त्रीस्तरीय गोलमेच छलफल, क्षमता अभिवृद्धि केन्द्र, उच्चस्तरीय सत्र, न्यायोचित रूपान्तरणसम्बन्धी उच्चस्तरीय मन्त्रीस्तरीय गोलमेच छलफल, लैङ्गिक समानता दिवससम्बन्धी उच्चस्तरीय कार्यक्रम, विश्वव्यापी जलवायु कार्यसम्बन्धी उच्चस्तरीय कार्यक्रमको आयोजना हुने र नोभेम्बर २० मा सम्मेलनको समापन गरिने तालिका रहेको छ ।

त्यस्तै कोप-३१ सम्मेलनकै दौरान क्योटो प्रोटोकलअन्तर्गत पक्षहरूको बैठकका रूपमा कार्य गर्ने पक्षहरूको सम्मेलनको एक्काइसौँ सत्र (सिएमपी २१), पेरिस सम्झौताअन्तर्गत पक्षहरूको बैठकका रूपमा कार्य गर्ने पक्षहरूको सम्मेलनको आठौँ सत्र (सिएमए ८), वैज्ञानिक तथा प्राविधिक सल्लाहका लागि सहायक निकायको पैँसट्ठीऔँ सत्र (एसबिएसटिए ६५) र कार्यान्वयनका लागि सहायक निकायको पैँसट्ठीऔँ सत्र (एसबिआइ ६५) समेत हुनेछन् ।

विश्व समाचार

अमेरिकी मध्यावधि चुनावमा डेमोक्रेटको अग्रता

वासिङ्टन, १६ कात्तिक (रासस/एएनआई) ।

अमेरिकी मध्यावधि चुनावको पूर्वसन्ध्यामा डेमोक्रेटिक उम्मेदवारले रिपब्लिकनको पकड रहेका पाँच राज्यमा सिनेटको प्रतिस्पर्धामा अग्रता लिएका छन् । न्युयोर्क टाइम्स र सिएना विश्वविद्यालयको सर्वेक्षणले आयोवामा पनि कडा प्रतिस्पर्धा देखाएको छ । टेक्सासमा जेम्स तालारिकोले रिपब्लिकन केन प्याक्सटनलाई ५०-४३ प्रतिशत, कन्सासमा क्रिस ह्यामिल्टनले रोजर मार्सललाई ४९-४४ प्रतिशत र मेनमा ग्राहम प्लाटनरले सुसान कोलिन्सलाई ५१-४५ प्रतिशतले पछाडि पार्नुभएको छ । ओहायोमा सेरोड ब्राउन र अलास्कामा मेरी पेल्टोला पनि आफ्ना रिपब्लिकन प्रतिस्पर्धीभन्दा अगाडि हुनुहुन्छ । आयोवामा डेमोक्रेट जोश टुरेकले ४८ र रिपब्लिकन एस्ले हिन्सनले ४७ प्रतिशत समर्थन पाउनुभएको छ । मिशिगनमा डेमोक्रेटिक उम्मेदवार अब्दुल एल-सायेद ५३ प्रतिशतसहित अगाडि हुनुहुन्छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पप्रतिको असन्तुष्टि र बढ्दो जीवनयापन खर्च चुनावका प्रमुख मुद्दा बनेका छन् । सर्वेक्षण गरिएका सात राज्यमा ट्रम्पको कार्यसम्पादनलाई ३८ प्रतिशतले मात्र समर्थन गरेका छन् । जीवनयापन खर्चको मुद्दामा डेमोक्रेटहरूले रिपब्लिकनमाथि नौ प्रतिशत अङ्कको अग्रता लिएका छन् । सिनेटमा बहुमत हासिल गर्न डेमोक्रेटहरूले रिपब्लिकनका कम्तीमा चार सिट जित्नुपर्नेछ । नोभेम्बर ३ मा हुने चुनावमा प्रतिनिधिसभाका सबै ४३५ र सिनेटका ३५ सिटका लागि मतदान हुँदैछ । सर्वेक्षणले डेमोक्रेटहरूलाई सिनेटको नियन्त्रण प्राप्त गर्ने सम्भावना देखाए पनि अन्तिम नतिजा मतदाताको निर्णयमा निर्भर रहनेछ ।

रुस-युक्रेन चेतावनी प्रणालीमा साइबर आक्रमण, युद्धविराम समाप्त

किएभ, १६ कात्तिक (रासस/एएफपी) ।

रुस र युक्रेनका आपत्कालीन चेतावनी प्रणालीमा साइबर आक्रमण भएपछि दुवै देशले एकअर्कामाथि आरोप लगाएका छन् । अक्टोबर २७ देखि नोभेम्बर १ सम्म लागू युद्धविराम समाप्त भएसँगै दुई देशबीच सैन्य तनाव पुनः बढ्ने चिन्ता देखिएको छ । रुसको आपत्कालीन मन्त्रालयले आफ्नो मोबाइल एपमा भएको साइबर आक्रमणबाट सर्वसाधारणलाई ड्रोन आक्रमणलगायत खतराबारे गलत सूचना पठाइएको जनाएको छ । यसअघि युक्रेनको चेतावनी प्रणालीमा पनि विकिरणको खतरा रहेको गलत सूचना देखिएको थियो । युक्रेनले यसमा रुसको हात रहेको आरोप लगाए पनि मस्कोले भने आफ्नो प्रणालीमाथिको आक्रमणमा कसैलाई दोष दिएको छैन ।

युक्रेनी मानव अधिकार आयुक्त दमित्रो लुबिनेट्सका अनुसार युद्धविरामले रुसी नियन्त्रणमा रहेको ओलेस्की सहरमा मानवीय सहायता अभियान सञ्चालन गर्न सहयोग गरेको थियो । तर, युद्धविरामका क्रममा रुसी सेनाले थप सैनिक परिचालन, गोलाबारुद भण्डारण र निगरानी ड्रोनमार्फत सूचना सङ्कलन गरेको एक युक्रेनी सैन्य अधिकारीले दाबी गरेका छन् । युद्धविराम समाप्त भएपछि खेरसन क्षेत्रका गभर्नर ओलेक्सान्डर प्रोकुडिनले स्थानीय बासिन्दालाई सतर्क रहन आग्रह गर्नुभएको छ । यसैबीच, रुसले आफ्नो औद्योगिक प्रतिष्ठानमा युक्रेनी ड्रोन आक्रमण भएको जनाएको छ भने युक्रेनी सञ्चारमाध्यमले कोस्टोभो तेल प्रशोधन केन्द्र लक्षित भएको उल्लेख गरेका छन् । युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुसी तेल प्रशोधन केन्द्रमाथिको आक्रमण रोक्न युक्रेनको ऊर्जा पूर्वाधारमाथिका रुसी हमला पनि रोकिनुपर्ने बताउनुभएको छ । रुसी आक्रमणका कारण युक्रेनका विभिन्न क्षेत्रमा विद्युत् कटौती भएको छ । अमेरिकी मध्यस्थतामा रोकिएको रुस-युक्रेन वार्ता यसै महिना पुनः सुरु गर्ने तयारी भइरहेको छ ।

भेनेजुएलामा विद्रोही शिविरमा आक्रमण, १९ जनाको मृत्यु

काराकस, १६ कात्तिक (रासस/एएफपी) ।

भेनेजुएलाको सेनाले पश्चिमी अपुरे राज्यमा रहेको कोलम्बियाली विद्रोही समूह नेसनल लिबरेसन आर्मी (इएलएन) को शिविरमा गरेको आक्रमणमा कम्तीमा १९ जनाको मृत्यु भएको छ । शुक्रबार बिहान ड्रोन र आक्रमणकारी हेलिकप्टरबाट गरिएको हमलामा मारिने अधिकांश भेनेजुएलाका नागरिक रहेको सैन्य स्रोतले जनाएको छ । सीमावर्ती क्षेत्रमा मानव अधिकार उल्लङ्घनको निगरानी गर्ने गैरसरकारी संस्था फन्डारेड्सका संयोजक जुआन फ्रान्सिस्को गार्सियाले आक्रमणमा सुरुमा नौ जनाको मृत्यु भएको र भोलिपल्ट थप १० शव सान फर्नान्डो लगिएको बताउनुभयो ।नाम सार्वजनिक नगर्ने सर्तमा एक सैन्य स्रोतले आक्रमणमा अमेरिकी गुप्तचर निकाय सिआइए र एफबीआईको सहयोग रहेको तथा यो अमेरिकी आदेशमा गरिएको दाबी गरे । यसबारे अमेरिकी विदेश मन्त्रालय र भेनेजुएला सरकारले तत्काल प्रतिक्रिया दिएका छैनन् । भेनेजुएला र कोलम्बियाबीचको दुई हजार २०० किलोमिटर लामो सीमावर्ती क्षेत्रमा लागुऔषध तस्करी, अवैध खनन र अन्य तस्करीमा संलग्न सशस्त्र समूह सक्रिय छन् । सन् २०१६ मा फार्क विद्रोही समूहले कोलम्बिया सरकारसँग शान्ति सम्झौता गरेपछि इएलएन ल्याटिन अमेरिकाको सबैभन्दा शक्तिशाली विद्रोही समूह बनेको छ ।

मानव अधिकार अधिवक्ता तथा सैन्य मामिलाकी विशेषज्ञ रोसियो सान मिगुएलले पछिल्लो आक्रमणले भेनेजुएलाको सैन्य नीतिमा परिवर्तन आएको सङ्केत गरेको बताउनुभयो । सैन्य स्रोतले सीमावर्ती क्षेत्रमा थप विद्रोही शिविर रहेको आशङ्का गर्दै खोजी अभियान जारी राख्ने जनाएको छ । अमेरिकाले गत जनवरीमा निकोलस मदुरोलाई सत्ताच्युत गरेपछि भेनेजुएलाको नीतिमा आएको परिवर्तनसँग पनि यो कारबाही जोडिएको हुन सक्ने बताइएको छ । मदुरोकी पूर्वसहयोगी डेल्सी रोड्रिगेजको नेतृत्वमा रहेको सरकारले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको समर्थन पाएको छ ।

कोलम्बियाका नवनिर्वाचित कट्टर दक्षिणपन्थी राष्ट्रपति अबेलार्डो डे ला एस्प्रियेलाले इएलएन र लागुऔषध तस्करीमा संलग्न समूहविरुद्ध कडा कारबाही अघि बढाइरहेका बेला यो घटना भएको हो । कोलम्बिया लागुऔषध तस्करी र सङ्गठित अपराध नियन्त्रण गर्न अमेरिकी नेतृत्वमा सञ्चालित क्षेत्रीय प्रयासमा अन्य एक दर्जनभन्दा बढी ल्याटिन अमेरिकी तथा क्यारिबियन राष्ट्रसँग सहभागी छ ।

भूमि प्रशासनसम्बन्धी सेवा एक महिनाभित्र सबै स्थानीय तहबाट हुनेछ : प्रधानमन्त्री

काठमाडौँ, १६ कात्तिक (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाहले भूमि प्रशासनसम्बन्धी सेवा एक महिनाभित्र सबै स्थानीय तहबाट प्रवाह हुने बताउनुभएको छ।

सामाजिक सञ्जालमार्फत सोमबार उहाँले हाल ३३ वटा स्थानीय तहबाटै सञ्चालन भइरहेको भूमि प्रशासनसम्बन्धी सेवा सबै स्थानीय तहमा पुऱ्याइने बताउनुभएको छ।

सरकारले आफ्नो शासकीय सुधारसम्बन्धी १०० कार्य सूचीमा भूमि प्रशासनसम्बन्धी सेवा स्थानीय तहबाटै प्रवाह गर्ने उल्लेख गरेको थियो।

उहाँले भन्नुभएको छ, "सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म भनेकै राज्य र नागरिकबीचको दूरी घटाउनु हो। राज्यका सेवा सुविधा पाउन टाढाका कार्यालयहरूसम्म सहजरूपमा पुग्नु नभई आवश्यक कार्यालय र तिनका सेवाहरू नागरिकसँग पुग्नु यसको अन्तिम लक्ष्य हो।"

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ ले गरेका व्यवस्थाबमोजिम भूमि प्रशासनका सेवा स्थानीय तहमा हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाइएको उहाँको भनाइ छ।

प्रधानमन्त्री शाहले यस प्रक्रियालाई थप गति दिँदै बाँकी रहेका सम्पूर्ण स्थानीय तहहरूबाट समेत आगामी एक महिनाभित्र भूमि प्रशासनसम्बन्धी सेवा अनिवार्य रूपमा सञ्चालन गर्ने गरी व्यवस्था मिलाउने निर्णय गरिएको बताउनुभएको छ। उक्त कार्यमा स्थानीय तहलाई आवश्यक पर्ने सम्पूर्ण सहयोग उपलब्ध गराउन नेपाल सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ छ।

"नेपाल सरकारको यस पहलबाट स्थानीय तहले भूमि प्रशासनसम्बन्धी आफ्नो संवैधानिक तथा कानुनी अधिकारको पूर्ण प्रयोग गर्न पाउनेछ", उहाँले भन्नुभयो, "नागरिकलाई जग्गासम्बन्धी सेवा दिने भूमि प्रशासन तथा नापी कार्यालय नागरिकको थप निकट, सरल र सहज हुनेछन् भने अधिकारलाई केन्द्रमा सीमित गर्ने कानुनी प्रावधानहरू खुकुला हुँदै जानेछन् भन्ने नेपाल सरकारको विश्वास छ।"

सप्तरीका तीन गरि पाँच जना दुई क्विन्टलभन्दा बढी गाँजासहित पक्राउ

दैनिक समाचारदाता
सुनसरी, १६ कात्तिक।

सुनसरीको धरान उपमहानगरपालिका २० च्यानडाँडाबाट प्रहरीले पाँच जनालाई दुई क्विन्टलभन्दा बढी गाँजासहित पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा सप्तरीका तीन जना समेत रहेका छन्। जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार गाँजा ओसारपसार भइरहेको विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले दुईवटा स्कार्पियो गाडीमा 'लोड' गरिएको दुई क्विन्टल नौ किलो ४ सय २० ग्राम गाँजासहित उनीहरूलाई पक्राउ गरिएको हो।

पक्राउ पर्नेमा सप्तरीको डाक्नेश्वरी नगरपालिका १० का २४ वर्षीय रामसागरकुमार यादव, राजगढ गाउँपालिका १ का ४५ वर्षीय राजेन्द्रप्रसाद मण्डल, छिन्नमस्ता गाउँपालिका ६ का ५९ वर्षीय राजकुमार साह, भारतको बिहार प्रान्त मधुवनी जिल्लाका ३८ वर्षीय सन्तोष ठाकुर र धरान उपमहानगरपालिका ११ का २१ वर्षीय अमृत बिशुङ्के छन्।

प्रहरीलाई देखेपछि गाँजा बोकेर भाग्न खोज्ने क्रममा प्रहरीले पेस्तोलबाट दुई राउण्ड हवाई फायर गरी उनीहरूलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ। त्यस क्रममा बा.१च. ५०३८ र को १ च ८१८२ नम्बरका दुईवटा स्कारपियो समेत बरामद गरेको तथा पक्राउ परेका पाँचै जनालाई गाँजा र गाडीसहित थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय धरानमा राखिएको प्रहरीले जनाएको छ।

यू-१९ मधेश प्रदेशस्तरीय क्रिकेट छनोट प्रतियोगितामा सिरहाको जित

दैनिक समाचारदाता
राजविराज, १६ कात्तिक।

सप्तरी क्रिकेट संघ र मधेश प्रदेश क्रिकेट संघको संयुक्त आयोजनामा यू-१९ मधेश प्रदेशस्तरीय क्रिकेट छनोट प्रतियोगिता सोमबारदेखि राजविराजमा सुरु भएको छ।

प्रतियोगिताको उद्घाटन खेलमा सिरहाले आयोजक सप्तरीलाई ९५ रनले पराजित गर्दै विजयी सुरुवात गरेको छ।

टस जितेर पहिले ब्याटिङ गरेको सिरहाले निर्धारित ४० ओभरको खेलमा ३१ ओभर ४ बलमा सबै विकेट गुमाउँदै १७५ रनको योगफल खडा गरेको थियो। जसमा आकाश यादवले सर्वाधिक ४१ रन, नुमैर अहमदले ३९ रन,



मोहम्मद अरमानले २८ रन तथा राजीव साहले १८ रनको योगदान दिए। बलिङतर्फ सप्तरीका नितेश यादवले ४, सन्तु मण्डलले ३, अभिमन्यु सरदारले २ र शिव दासले १ विकेट हात पारे।

एक सय ७६ रनको लक्ष्य पछ्याएको सप्तरीले कमजोर ब्याटिङ प्रदर्शन गर्दै १८ ओभर ४ बलमा सबै विकेट गुमाएर ८० रन मात्र बनाउन सक्यो। सन्तु मण्डलले १४ र शिव अधिकारीले १२ रन बनाउनु बाहेक अन्य कुनै पनि ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन्। सिरहाका बलर नुमैर अहमदले उत्कृष्ट प्रदर्शन गर्दै ४, आनन्द कामती, विक्की राय र आयुष विकले समान २-२ विकेट लिए।

उत्कृष्ट ब्याटिङ र बलिङ प्रदर्शन गरेका सिरहाका नुमैर अहमद खेलको प्लेयर अफ द म्याच घोषित भए। प्रतियोगिताअन्तर्गत मंगलबार धनुषा र सप्तरीबीच प्रतिस्पर्धा हुने कार्यक्रम रहेको छ।

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना न्यक्त गर्दछौं।





सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना न्यक्त गर्दछौं।





विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

मधेश प्रदेश सरकार
भूमि व्यवस्थाकृषि तथा सहकारी मन्त्रालय,
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
ससरी,राजविराज

Email : akcsaptari@gmail.com,
dadosaptari@gmail.com
website : www.akcsaptari.p2.gov.np

बीउ बिजन आत्मनिर्भर कार्यक्रमको लागि प्रस्ताव आवहान सम्बन्धि सूचना।

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१६

कृषि ज्ञान केन्द्र ससरीको चालुआ.व. २०८३/०८४ कोवार्षिक स्वीकृत कार्यक्रम अनुसार "बीउ बिजन आत्मनिर्भर कार्यक्रम" सञ्चालन गर्न ईच्छुक मूल/प्रमाणित/उन्नत बीउ बिजन उत्पादन तथा बजारीकरणको लागि इजाजतपत्र प्राप्त गरेका कृषि सहकारी वा कृषक समूह वा फार्म वा कम्पनी वा उद्योगले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (२०८३/०८/१५गते) भित्र तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि कृषि ज्ञान केन्द्रको फेसबुक पेज, वेबसाइट www.akcsaptari.p2.gov.np र यस कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

तपसिल:

१. संस्था/कम्पनी दर्ता र गत आ.व. सम्म नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
२. स्थानीय तह/कृषि शाखा/वडा कार्यालय को सिफारिस,
३. मूल/प्रमाणित/उन्नत बीउ बिजन उत्पादन तथा बजारीकरणको लागिप्राप्त इजाजतपत्रको प्रतिलिपी,
४. लाभान्वित वर्गको बीउबिजनको क्षेत्रमा अनुभव
५. लाभान्वित वर्गको लगानीको सुनिश्चितता
६. प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल/संख्या,
७. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि। एक वर्षभन्दा पुरानो लाभग्राहीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
८. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गा धनीपूर्जाको प्रतिलिपि
९. आवेदक संस्थाले गर्नु पर्ने बैंकको कर्जा लगानीको सुनिश्चितता पत्र वा आफै सक्षम भएको अवस्थामा बैंक खाताको स्टेटमेन्टको प्रतिलिपि,
१०. अनुसूचि२ बमोजिमको निवेदन तथा अनुसूचि३ बमोजिमको प्रस्ताव

सञ्चालन हुने क्रियाकलाप वा विषयगत क्षेत्रहरु

(क) मूल/स्रोत/प्रमाणित/उन्नत बीउ उत्पादन कार्यक्रमः आवश्यक पूर्वाधार तथा अन्य व्यवस्थापनमा सहयोग ।
(ख) पोष्टहार्भेष्ट सेन्टर स्थापना (गोदाम भवन, बीउ सुकाउने Floor स्थापना गर्न आर्थिक/वस्तुगत प्रोत्साहन ।
(ग) खाद्यान्न, दलहन रतेलहन बालीको गुणस्तरीय बीउ उत्पादनका लागि ड्राईङ्ग, प्रशोधन, गुणस्तरीकरण, बीउ परीक्षण, ट्रिटीङ्ग, प्याकेजिङ, लेबलिङ, ढुवानी, भण्डारण, वितरण तथा बजारीकरण सम्बन्धी कार्यहरु।

कार्यक्रमबाट उपलब्ध हुने अनुदान प्रतिशत

- कृषि सँग सम्बन्धित कृषि यन्त्र उपकरणहरु ५०% अनुदानमा उपलब्ध हुने ।
- पुर्वाधार निर्माण कार्यका लागि ५०% अनुदानमा उपलब्ध हुने ।

नोटः प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ।एक वटाकृषि सहकारी वा कृषक समूह वा फार्म वा कम्पनी वा उद्योगले बढीमा दुई वटा भन्दा बढी प्रस्तावको लागि आवेदन दिन पाउने छैन । एउटै परिवारको सदस्यहरुले एउटै कार्यक्रममा १ भन्दा बढी आवेदन पेश गरेमा सबै प्रस्ताव रद्द गरिनेछ। दुई आर्थिक वर्षमा अनुदान लाभ नलिएका कृषकलाई प्राथमिकता दिईनेछ। प्रस्ताव पेश गर्दा ""बीउ बिजन आत्मनिर्भर कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३" बमोजिम गर्नु पर्नेछ । म्याद नाघी प्राप्त भएका तथा झूटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन/निवेदन रद्द हुने छ । किसान सूचिकरणको परिचय पत्र भएको कृषकलाई प्राथमिकता दिईनेछ। विस्तृत जानकारीका लागि यस कृषि ज्ञान केन्द्र, ससरी र सूचना अधिकारी श्री चिरञ्जिवि पुरीको मोबाईल नं ९८५२८२२७६५ मा सम्पर्क गर्न सकिने छ।

.....
रोशन कुमार मेहता

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, ***वेवसाइट*** : *rajbirajdainik.com.np*